# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
### कोशी प्रदेश, नेपाल

सूचना नं. : १६

**समुदायमा आधारित पुनः स्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना !!!**

(प्रकाशित मिति: २०८०/०९/२६)

यस लिखु गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्राललय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पद खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फाराम भर्न आवह्रान गरिएको छ। लिखु गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरि सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परिक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुललुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविधालयबाट समक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी विज्ञापन प्रकाशन भएको दिनबाट पन्ध्र दिनभित्र कार्यालय समयमा लिखु गाउँपालिकाको कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

१. **विज्ञापन नं. पद र माग संख्या:**

| सि.न. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०५-०८०/०८१ | समुदायमा आधारित पुनः स्थापना (सिविआर) सहजकर्ता | खुला | १ |
| २ | ०६-०८०/०८१ | | अपाङ्ग (फिल्डमा गएर काम गर्न सक्ने) | १ |

२. **सेवाको किसिम:** करार सेवा

३. **आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्युनतम कक्षा १२ वा सो सरह उतीर्ण गरेको,

(ग) सम्बन्धित स्थानीय तहको बासिन्दा हुनुपर्नेे। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानिय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरु मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रकृया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(घ) नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(ङ) नियमित रुपमा अपाङ्गता भएका व्यक्तिको घरैमा गई अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(च) कम्पयुटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने ।

४. **तलब, सुविधा तथा अन्य सेवा शर्त:** समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०८० मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **उम्मेद्धारको उमेर :**

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मिति (अर्थात मिति २०८०/१०/११) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति (अर्थात मिति २०८०/१०/११) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

६. **उम्मेद्धारको छनोट विधिः** लिखित परीक्षा,कम्पयुटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान**

(क) पालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी लिखु गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) दरखास्त बुझाउनका लागि आवश्यक कागजात सहित कोशी प्रदेश, समाजिक बिकास मन्त्रालय तथा लिखु गाउँपालिकाको वेवसाइटमा समुदायमा आधारित पुनस्थापना सहजकर्ता छनौट सम्बन्धि मार्गदर्शन, २०८० को अनुसूचि ३ को दरखास्त फारम भरि likhurmokhaldhunga@gmail.com इमेल गर्न सकिनेछ।

८. **परीक्षा दस्तुर**ः रू १०००।- अक्षेरुपी एक हजार रुपैया मात्र ।

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया**ः नेपाल एसबिआई बैंकको लिखु गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ४१५९५२४१२०७००४ मा जम्मा गरेको सक्कल भौचर वा गाउँ कार्यपालिकाको कार्यालयमा रसिद मार्फत परिक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ ।

१०. **दरखास्त फाराम भर्ने मितिः** मिति २०८०/०९/२६ देखी २०८०/१०/११ गते कार्यालय समय सम्म ।

११. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान**ः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र प्रारम्भिक सूची प्रकाशन गर्दा तोकिनेछ ।

१२. **पाठयक्रम**ः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

१३. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार लिखु गाउँपालिकालाई हुनेछ ।

१४. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा लिखु गाउँपालिकाको कार्यालयको टेलिफोन नं. ९८४७४५१६२७ मा सम्पर्क गरी बुझ्न सकिने छ।

१५. रित नपुगेको न्युनतम शैक्षिक योग्यता नभएको, तोकिएको परीक्षा दस्तुर नबुझाएमा र प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्धारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

२०८०।०९।२६

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत